# भाग ५

नेपाल सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको

## सूचना १

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी सुर्खेत जिल्ला, साविक कोटमाझखर्क गाउँ विकास समितिको हाल भेरीगंगा नगरपालिका र मेहलकुना, सहारे एवं धारापानी गाउँ विकास समिति अन्तर्गतको शुरु नापी नक्सा हुँदा नक्सा र फिल्डबुक समेत तयार भै दर्ता बाँकी रहेका जग्गाको दर्ता समस्या समाधान गर्न देहाय बमोजिमको समिति गठन गरी समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहाय बमोजिम रहने गरी तोकेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस आदेशको नाम "सुर्खेत जिल्ला, साविक कोटमाझखर्क गाउँ विकास समितिको हाल भेरीगंगा नगरपालिका र मेहलकुना, सहारे एवं धारापानी गाउँ विकास समिति अन्तर्गतको जग्गा दर्ता समिति गठन आदेश, २०७२" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम सुर्खेत जिल्ला, साविक कोटमाझखर्क गाउँ विकास समितिको हाल भेरीगंगा नगरपालिका र मेहलकुना, सहारे एवं धारापानी गाउँ विकास समिति अन्तर्गतको जग्गा दर्ता समिति गठन आदेश, २०७२ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ख) "जग्गा दर्ता" भन्नाले सुर्खेत जिल्ला, साविक कोटमाझखर्क गाउँ विकास समितिको हाल भेरीगंगा



५८५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नगरपालिका र मेहलकुना, सहारे एवं धारापानी गाउँ विकास समिति अन्तर्गतको जग्गा दर्ता समितिको जग्गा दर्ता गर्ने कार्य सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

३. <u>समितिको गठन</u> : (१) समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, सुर्खेत - अध्यक्ष

(ख) प्रमुख, जिल्ला वन कार्यालय, सुर्खेत - सदस्य

(ग) प्रमुख, नापी कार्यालय, मेहलकुना, सुर्खेत - सदस्य

(घ) प्रमुख, भेरीगंगा नगरपालिका वा अध्यक्ष, मेहलकुना, सुर्खेत साहरे वा धारापानी गाउँ विकास समिति, सुर्खेत (आ-आफ्नो क्षेत्रको जग्गाको हकमा) - सदस्य

(ङ) प्रमुख, मालपोत कार्यालय, मेहलकुना, सुर्खेत - सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) समितिको बैठक बस्नको लागि अध्यक्ष र सदस्यउपस्थिति -सचिव सहित कम्तीमा तीन जना सदस्यहरुको अनिवार्य हुनेछ ।

(४) समितिको बैठकमा समितिले आवश्यकता अनुसार विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : (१) सुर्खेत जिल्ला, साविक कोटमाझखर्क गाउँ विकास समितिको हाल भेरीगंगा नगरपालिका र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मेहलकुना, सहारे एवं धारापानी गाउँ विकास समिति अन्तर्गतको जग्गा दर्ता समितिको कार्य क्षेत्रको शुरु नापीमा नक्सा र फिल्डबुक तयार भई जग्गा दर्ता गर्न बाँकी रहेको जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्नु समितिको प्रमुख काम, कर्तव्य र अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा देहायका प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-

(क) निवेदन माग गर्ने,

(ख) खण्ड (क) बमोजिम पर्न आएका निवेदन उपर दफा ५ बमोजिमका प्रमाणको सङ्कलन, छानबिन गर्ने,

(ग) सङ्कलित प्रमाण र भोगको आधारमा निवेदकको नाममा जग्गा दर्ता हुने भनी यकिन भएका जग्गाहरु त्यस्ता व्यक्तिका नाममा दर्ता गर्ने निर्णय गर्ने,

(घ) जग्गा दर्ता गर्ने निर्णय गर्दा विवाहित जग्गाधनीको हकमा पति, पत्नी दुवैको संयुक्त नाममा श्रेस्ता र पुर्जा कायम गर्ने,

(ङ) जग्गा दर्ता गर्ने निर्णय भएको जग्गाको मालपोत कार्यालय मेहलकुना, सुर्खेतले जग्गाको रजिष्ट्रेशन प्रयोजनका लागि कायम गरेको मूल्याङ्कनको बीस प्रतिशतका दरले हुने रकम मालपोत कार्यालय मेहलकुना, सुर्खेतमार्फत दाखिला गराउने र दर्ता भएको जग्गाको जग्गा नापजाँच भएको समय देखि चालु आर्थिक वर्ष सम्मको मालपोत रकम सम्बन्धित स्थानीय निकायमा दाखिला गर्न पठाउने ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

५. <u>कार्यविधिः</u> (१) यस दफा बमोजिम जग्गा दर्ताको निवेदन दिंदा देहायका कागज प्रमाण संलग्न गर्नु पर्नेछः -

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) जग्गा रहेको स्थानीय निकायको भोग यकिन गरेको र जग्गा दर्ता गरी दिने भन्ने सिफारिस,

(ग) भोग चलन, तिरोभरो गरेको कागज प्रमाण भए सो प्रमाण,

(घ) फिल्डबुक (क्षेत्रीय किताब) उतार, नक्सा ।

(२) समितिले देहायका कार्यविधि पुरा गर्नु पर्नेछः-

(क) स्थानीय पत्रिका समेतमा पैंतीस दिनको म्याद दिई हकदाबीको सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ख) समितिमा खटिएका कर्मचारी मार्फत साँध-सधियार, स्थानीय निकायको प्रतिनिधिको रोहवरमा भोग खुल्ने गरी स्थलगत सरजमिन गराउने,

(ग) जग्गा भोग चलन गरेको आधार प्रमाण बुझ्ने,

(घ) दाबी उजुरी परे छानविन एवं प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्ने ।

६. <u>समितिको कार्यालय</u> : समितिको कार्यालय मालपोत कार्यालय, मेहलकुना, सुर्खेतमा रहनेछ ।

७. <u>समितिको कार्यक्षेत्र</u> : समितिको कार्यक्षेत्र सुर्खेत जिल्ला, साविक कोटमाझखर्क गाउँ विकास समितिको हाल भेरीगंगा नगरपालिका र मेहलकुना, सहारे एवं धारापानी गाउँ विकास समिति अन्तर्गतको क्षेत्र मात्र हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

८. **कर्मचारी सम्बन्धी व्यवस्था** : समितिलाई आवश्यक पर्ने अनसूची -१ बमोजिमका कर्मचारीहरु मालपोत कार्यालय, मेहलकुना र नापी कार्यालय, मेहलकुनाबाट समितिको कार्य अवधिभरका लागि काजमा उपलब्ध गराइनेछ ।

९. **पारिश्रमिक, भत्ता तथा वैठक भत्ता** : (१) समितिका अध्यक्ष, सदस्य तथा आमन्त्रित व्यक्तिहरुले प्रति बैठक एक हजार रुपैयाँ बैठक भत्ता पाउनेछन् ।

(२) समितिमा काजमा खटिने कर्मचारीले निजले खाईपाई आएको शुरु तलब स्केलको पचास प्रतिशतका दरले मासिक रुपमा भत्ता पाउनेछन् ।

१०. **बजेट सम्बन्धी व्यवस्था** : समितिको लागि आवश्यक पर्ने अनुसूची-२ बमोजिमको बजेट अनुसार चौध लाख एकानब्बे हजार रुपैयाँ अर्थ मन्त्रालयले मन्त्रालय मार्फत समितिलाई उपलब्ध गराउनेछ ।

११. **निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथ:** (१) समितिबाट तयार भएको निर्णय, माइन्यूट, नक्सा, फिल्डबुक र निर्णय मिसिल लगायत अन्य कागजात जिम्मा लिने, सम्बन्धित निकायमा बुझाउने र प्रमाणित गर्ने कार्य सदस्य-सचिवबाट हुनेछ ।

(२) समितिबाट जग्गा दर्ता गर्ने गरी भएको निर्णयानुसार जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार गर्ने तथा सम्बन्धित जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण गर्ने कार्य मालपोत कार्यालय, मेहलकुना, सुर्खेतले गर्नेछ ।



५९९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) समितिबाट तयार भएको माइन्यूट, नक्सा, श्रेस्ता तथा अन्य कागजातहरु समितिको कार्य सम्पन्न भएपछि मालपोत कार्यालय, मेहलकुना, वा नापी कार्यालय, मेहलकुनामा र जिन्सी सामानहरु मालपोत कार्यालय, मेहलकुनामा बुझाउनु पर्नेछ। यसरी बरबुझारथ गर्ने गराउने कर्तव्य सदस्य-सचिवको हुनेछ ।

१२. <u>समितिको कार्य अवधि</u> : समितिको कार्य अवधि समितिले कार्य प्रारम्भ गरेको मितिले बढीमा छ महिनाको हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



६००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

अनुसूची -१

(दफा ८ सँग सम्बन्धित )

**कर्मचारीको दरबन्दी सम्बन्धी व्यवस्था**

| सि.नं. | कर्मचारीको विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | नायव सुब्बा (राजपत्र अनङ्कित प्रथम श्रेणी) | २ | मालपोत कार्यालय, मेहलकुनाबाट |
| २ | सर्भेक्षक (राजपत्र अनङ्कित प्रथम श्रेणी) | १ | नापी कार्यालय, मेहलकुनाबाट |
| ३ | खरिदार (राजपत्र अनङ्कित द्वितीय श्रेणी) | १ | मालपोत कार्यालय, मेहलकुनाबाट |
| ४ | कार्यालय सहयोगी (श्रेणी विहीन, जंजिदार समेत) | २ | मालपोत कार्यालय, मेहलकुनाबाट १ र नापी कार्यालय, मेहलकुनाबाट १ |
| | जम्मा | ६ | |



६६१

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## अनुसूची -२

(दफा १० सँग सम्बन्धित )

### समितिको लागि आवश्यक बजेट

| सि.नं. | बजेट शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | भत्ता | १०,४१,०००/- | समितिको बैठक भत्ता र कर्मचारी भत्ता |
| २ | कार्यालय खर्च | १,४५,०००/- | |
| ३ | केन्द्रीय अनुगमन | २,००,०००/- | मन्त्रालयबाट निरीक्षण तथा अनुगमन कार्यको लागि मन्त्रालयमा रहने । |
| ४ | विविध | १,०५,०००/- | बैठकको लागि चिया/खाजा र स्थलगत भ्रमणको लागि पेट्रोल खर्च समेत |
| | जम्मा | १४,९१,०००/- | |



६६२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## सूचना २

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी रुपन्देही जिल्ला, हाल बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिका अन्तर्गत बहाल विटौरी, कोदाले र आँकडा लगत बमोजिम बसोबास गरेका व्यक्ति वा परिवारको नाममा जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्न देहाय बमोजिमको समिति गठन गरी समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहाय बमोजिम रहने गरी तोकेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस आदेशको नाम "रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिका अन्तर्गत बहाल विटौरी, कोदाले र आँकडा लगत बमोजिम बसोबास गरेका व्यक्ति वा परिवारको नाममा जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७२" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा, -

(क) "समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित रुपन्देही जिल्ला, हाल बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिका अन्तर्गत बहाल विटौरी, कोदाले र आँकडा लगत बमोजिम भोग र बसोबास गरेका व्यक्ति वा परिवारको नाममा जग्गा दर्ता सम्बन्धी समिति सम्झनुपर्छ ।



६६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ख) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनुपर्छ ।

३. <u>समितिको गठन :</u> (१) समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, रुपन्देही | - अध्यक्ष |
| (ख) | प्रमुख, जिल्ला वन कार्यालय, रुपन्देही | - सदस्य |
| (ग) | प्रमुख, बुटवल उपमहानगरपालिका वा सैनामैना नगरपालिका (जग्गा रहेको क्षेत्र बमोजिम) | - सदस्य |
| (घ) | प्रमुख, नापी कार्यालय, बुटवल | - सदस्य |
| (ङ) | प्रमुख, मालपोत कार्यालय, बुटवल | - सदस्य-सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नको लागि अध्यक्ष र सदस्य-सचिव सहित कम्तीमा तीन जना सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ।

(४) समितिको बैठकमा समितिले आवश्यकता अनुसार विज्ञ वा सरोकारवालालाई आमन्त्रण गर्न सक्नेछ।

(५) मालपोत कार्यालय, बुटवल र नापी कार्यालय, बुटवलले कार्य प्रारम्भ नगरेसम्म उक्त कार्यालयको कार्य क्रमशः मालपोत कार्यालय, रुपन्देही र नापी कार्यालय, रुपन्देही तथा उक्त कार्यालयका प्रमुखहरुले यसै आदेश बमोजिम सम्पादन गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) हाट बजार लाग्ने क्षेत्र, वन क्षेत्र, बाटो, बालुबुर्जा लगायतका अन्य सार्वजनिक प्रकृतिका साविक नापीमा नाप जाँच भएका जग्गा नेपाल सरकारको नाममा दर्ता गर्ने,

(ख) सार्वजनिक जग्गा बाहेकका बहाल विटौरी, कोदाले र आँकडा लगतभित्र कायम रही जग्गा दर्ता हुन बाँकी रहेका जग्गाको जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम तत्कालीन नापी गोश्वाराबाट तयार भएको साविक नापी बमोजिमको नक्सा, फिल्डबुक, जग्गाधनी दर्ता श्रेस्ता, लुजसिट र सो बमोजिम पुनः नापीबाट तयार भएको नक्सा, फिल्डबुक, लुजसिट, जग्गाधनी दर्ता श्रेस्ता र अन्य सम्बन्धित कागजातहरु सम्बन्धित मालपोत तथा नापी कार्यालयबाट प्राप्त गर्ने,

(ग) दफा ६ बमोजिमको क्षेत्रमा बहाल विटौरी, कोदाले र आँकडा लगत बमोजिम बसोबास गरेका जग्गा दर्ता सम्बन्धी समस्या समाधानका लागि विगतमा गठित आयोग/समितिमा जग्गा दर्ताको लागि परेको निवेदन, नापी नक्सा, फिल्डबुक लगायतका कागजातहरु सम्बन्धित निकायबाट प्राप्त गर्ने,



६६५

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिकामा पुनः नापी भएको भए सो बमोजिमको जग्गा दर्ताका लागि दफा ७ बमोजिम निवेदन माग गर्ने,

(ङ) समितिमा पर्न आएका निवेदन उपर दफा ८ बमोजिमको कार्यविधि पूरा गरी छानविन गर्ने,

(च) खण्ड (ङ) बमोजिम छानविन भएपछि नापी कार्यालय, बुटवलबाट तयार भएको नक्सा बमोजिमको जग्गा बहाल विटौरी, कोदाले र आँकडा जग्गा हो भन्ने यकिन भए सम्बन्धित व्यक्तिहरुको नाममा जग्गा दर्ता गर्ने,

(छ) जग्गा दर्ता निर्णय गर्दा विवाहित जग्गाधनीको हकमा पति, पत्नी दुवैको संयुक्त नाममा श्रेस्ता र पुर्जा कायम गर्ने,

(ज) खण्ड (च) बमोजिम जग्गा दर्ता गर्ने गरी भएको निर्णयको व्यहोरा साविक तथा पुनः नापीको फिल्डबुक, लुजसिट र लगतमा जनाउने,

(झ) खण्ड (च) बमोजिम जग्गा दर्ता गर्ने गरी भएको निर्णयको आधारमा जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार गर्न तथा सम्बन्धित जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण गर्न मालपोत कार्यालय बुटवलमा लेखी पठाउने ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **समितिको कार्यालय :** समितिको कार्यालय मालपोत कार्यालय, बुटवलमा रहनेछ ।

६. **समितिको कार्यक्षेत्र** : समितिको कार्य क्षेत्र रुपन्देही जिल्लाको हाल बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिका क्षेत्र मात्र हुनेछ ।

७. **निवेदन सम्बन्धी व्यवस्थाः** जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम पुनः नाप नक्सा भएका रुपन्देही जिल्ला हाल बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिका अन्तर्गतका बहाल विटौरी, कोदाले र आँकडा जग्गा भएका सम्बन्धित जग्गावालाहरुले समितिबाट सूचना प्रकाशित भएपछि आफ्नो हकभोग भएको प्रमाण सहित देहायको कागजात संलग्न गरीं जग्गा दर्ता गर्न समिति समक्ष निवेदन दिनु पर्नेछ :-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) जग्गाको साविक लगत वा तिरोभरो गरेको प्रमाणको प्रतिलिपि,

(ग) नक्सा पास गरी वा घर बनाउन सम्बन्धित निकायबाट स्वीकृति लिएको भए सो प्रमाणको प्रतिलिपि,

(घ) बुटवल उपमहानगरपालिका/सैनामैना नगरपालिकाले भोग यकिन गरी दर्ताको लागि गरिदिएको सिफारिस,

(ङ) साविक नापी हुँदा कायम भएको नक्सा र फिल्डवुक उतार,



६६७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(च) निवेदकले हक हस्तान्तरण गरी लिएको भए सो लिखतको प्रतिलिपि,

(छ) घर वा जग्गाको भोग सम्बन्धित अन्य कुनै प्रमाण भए सो को प्रतिलिपि।

८. **कार्यविधि** : दफा ७ बमोजिम जग्गा दर्ताको लागि पर्न आएका निवेदन उपर समितिले देहाय बमोजिमको कार्यविधि अपनाई प्रमाण सङ्कलन तथा छानविन गर्नेछ :-

(क) निवेदनमा उल्लेख भएको घर वा जग्गा सम्बन्धित कार्यालयमा भएको अभिलेखसँग भिडाउने र त्यस्तो अभिलेख अन्य कार्यालयमा रहेको भए सक्कलै कागजात वा प्रमाणित प्रतिलिपि सम्बन्धित कार्यालयबाट माग गरी मिसिल सामेल राख्ने,

(ख) दर्ता माग भएको जग्गाको बहाल विटौरी, कोदाले र आँकडा लगतको सम्बन्धित निकायबाट प्रमाणित प्रतिलिपि माग गर्ने,

(ग) खण्ड (ख) बमोजिम प्राप्त लगत भिडी अन्य जग्गा दर्ता भै सके नसकेको, लगत खारेज वा दरपिठ भए, नभएको यकिन गर्ने,

(घ) घर वा जग्गाको भोग चलन यकिन गर्न समितिबाट कर्मचारी खटाई साँध-सधियार स्थानीय निकायको रोहबरमा स्थलगत सरजमिन र स्थलगत निरीक्षण गराई मुचुल्का र प्रतिवेदन मिसल संलग्न गर्ने,



६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(ङ) कारबाहीको क्रममा कुनै व्यक्तिलाई बुझ्न आवश्यक देखिएमा आवश्यकता अनुसार सात दिनको म्याद दिई कार्यालयमा झिकाउने र बयान लिने,

(च) हकदाबी सम्बन्धमा एक्काइस दिनको म्याद दिई सार्वजनिक सूचना जारी गर्ने,

(छ) आवश्यकता अनुसार अन्य प्रमाण बुझ्ने ।

९. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u> : समितिलाई आवश्यक पर्ने अनसूची-१ बमोजिमका कर्मचारीहरु मालपोत कार्यालय, बुटवल र नापी कार्यालय, बुटवलबाट समितिको कार्य अवधिभरका लागि काजमा उपलब्ध गराइनेछ ।

१०. <u>पारिश्रमिक, भत्ता तथा बैठक भत्ता</u> : (१) समितिका अध्यक्ष, सदस्य तथा आमन्त्रित व्यक्तिहरुले प्रति बैठक एक हजार रुपैयाँ बैठक भत्ता पाउनेछन् ।

(२) समितिमा काजमा खटिने कर्मचारीले निजले खाईपाई आएको शुरु तलब स्केलको पचास प्रतिशतका दरले मासिक रुपमा भत्ता र नियमानुसारको दैनिक भ्रमण भत्ता समेत पाउनेछन् ।

११. <u>बजेट सम्बन्धी व्यवस्था</u> : समितिको लागि आवश्यक पर्ने अनसूची-२ बमोजिमको बजेट अनुसार पन्ध्र लाख पचास हजार रुपैयाँ अर्थ मन्त्रालयले मन्त्रालय मार्फत समितिलाई उपलब्ध गराउनेछ ।



९६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१२. <u>निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथः</u> (१) समितिबाट तयार भएको निर्णय, माइन्यूट, नक्सा, फिल्डबुक र निर्णय मिसिल लगायत अन्य कागजात जिम्मा लिने, सम्बन्धित निकायमा बुझाउने र प्रमाणित गर्ने कार्य सदस्य सचिवबाट हुनेछ ।

(२) समितिबाट जग्गा दर्ता गर्ने गरी भएको निर्णयानुसार जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार गर्ने तथा सम्बन्धित जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण गर्ने कार्य मालपोत कार्यालय बुटवलले गर्नेछ।

(३) समितिबाट तयार भएको माइन्यूट, नक्सा, श्रेस्ता तथा अन्य कागजातहरु समितिको कार्य सम्पन्न भएपछि मालपोत कार्यालय बुटवल र नापी कार्यालय बुटवलमा र जिन्सी सामानहरु मालपोत कार्यालय बुटवलमा बुझाउनु पर्नेछ। यसरी बरबुझारथ गर्ने गराउने कर्तव्य सदस्य-सचिवको हुनेछ।

१३. <u>समितिको कार्य अवधि</u> : समितिको कार्य अवधि समितिले कार्य प्रारम्भ गरेको मितिले छ महिना हुनेछ।



६६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची -१

(दफा ९ सँग सम्बन्धित)

**कर्मचारीको दरबन्दी सम्बन्धी व्यवस्था**

| सि.नं. | कर्मचारीको विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | मालपोत अधिकृत (राजपत्राङ्कित तृतीय श्रेणी) | १ | मालपोत कार्यालय, बुटवलबाट |
| २ | नायव सुब्बा (राजपत्र अनङ्कित प्रथम श्रेणी) | २ | मालपोत कार्यालय, बुटवलबाट |
| ३ | सर्भेक्षक (राजपत्र अनङ्कित प्रथम श्रेणी) | १ | नापी कार्यालय, बुटवलबाट |
| ४ | अमिन (राजपत्र अनङ्कित द्वितीय श्रेणी) | १ | नापी कार्यालय, बुटवलबाट |
| ५ | कार्यालय सहयोगी (श्रेणी विहीन, जंजिदार समेत) | २ | मालपोत कार्यालय, बुटवलबाट १<br>नापी कार्यालय, बुटवलबाट १ |
| | जम्मा | ७ | |



६६१-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।

## अनुसूची -२

### (दफा ११ सँग सम्बन्धित)

### समितिको लागि आवश्यक बजेट

| सि.नं. | बजेट शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | २१११९- भत्ता | ६,६५,०४०/- | समितिको बैठक भत्ता र प्रमुख मालपोत अधिकृत सहित कर्मचारीको भत्ता समेत |
| २ | २२३११- समितिको सञ्चालन खर्च | ४,५०,०००/- | नयाँ खुल्ने कार्यालय हुँदा समितिका पदाधिकारी र कर्मचारीको लागि कुर्सी, टेबल, कम्प्युटर खरीद र स्टेशनरी खर्च समेत |
| ३ | २२६११-अनुगमन खर्च समितिको अनुगमन | १,५०,०००/- ५०,०००/- | मन्त्रालयबाट हुने केन्द्रीय अनुगमन समिति पदाधिकारीबाट दर्ता हुने जग्गाको स्थलगत निरीक्षण |



मुद्रण विभाग, सिंहदरबार

662

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

| | | | |
|---|---|---|---|
| | | | भ्रमण |
| ४ | २२२११-इन्धन | १,००,०००/- | |
| ५ | २२७११-विविध | १,३४,९६०/- | बैठकको लागि चियापान सहितको विविध खर्च । |
| | जम्मा | १५,५०,०००/- | |

मुद्रण विभाग, सिंहदरबार



969

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी वि.सं. २०३३ सालमा कास्की जिल्लाको भगवतीटारमा गएको बाढी पहिरोबाट विस्थापित २१५ परिवारलाई तत्कालीन श्री ५ को सरकार (मं.प.) को मिति २०३३।०९।०२ को निर्णय अनुसार गठित गण्डकी अञ्चलाधीशको अध्यक्षतामा अञ्चलस्तरीय दैवी प्रकोप पीडित समन्वय समिति र प्रमुख जिल्ला अधिकारी, कास्कीको अध्यक्षतामा जिल्ला स्तरीय दैवी प्रकोप पीडित बसोबास समितिबाट साविक छिनेडाँडा गाउँ विकास समिति वडा नं. २, ४ र ९ को हाल पोखरा उपमहानगरपालिका वडा नं. १४, १५ र १८ मा बसोबास गराइएकामध्ये बाँकी रहेका परिवारहरुको नाममा जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्नका निमित्त देहाय बमोजिमको समिति गठन गरी समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहाय बमोजिम रहने गरी तोकेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस आदेशको नाम "कास्की जिल्ला साविक भगवतीटारमा गएको बाढी पहिरोबाट विस्थापित भई छिनेडाँडामा बसोबास गराइएका परिवारहरुको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी समिति गठन आदेश, २०७२" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित कास्की जिल्लाको साविक भगवतीटारमा गएको बाढी पहिरोबाट विस्थापित भई छिनेडाँडामा बसोबास गराइएका बाढी पहिरो पीडित परिवारहरुको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी समिति सम्झनुपर्छ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ख) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनुपर्छ ।

(ग) "बाढी पहिरो पीडित" भन्नाले कास्की जिल्लाको साविक भगवतीटार हाल माझठाना गाउँ विकास समितिमा वि.सं.२०३३ सालमा गएको बाढी पहिरोबाट विस्थापित भई कास्की जिल्लाको साविक छिनेडाँडा वडा नं. २, ४ र ९ को हाल पोखरा उपमहानगरपालिका वडा नं. १४, १५ र १८ मा बसोबास गराइएका परिवार सम्झनुपर्छ ।

(घ) "परिवार" भन्नाले कास्की जिल्लाको साविक भगवतीटारको हाल माझठाना गाउँ विकास समितिमा वि.सं. २०३३ सालमा गएको बाढी पहिरोबाट पीडित व्यक्तिका एकासगोलका बाबु, आमा, पति, पत्नी, छोरा र छोरी सम्झनुपर्छ र सो शब्दले त्यस्तो परिवारको हकदार समेतलाई जनाउँछ ।

३. <u>समितिको गठन</u> : (१) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, कास्की - अध्यक्ष

(ख) प्रमुख, जिल्ला वन कार्यालय, कास्की - सदस्य

(ग) प्रमुख, पोखरा उपमहानगरपालिका, कास्की - सदस्य

(घ) प्रमुख, नापी कार्यालय, कास्की - सदस्य

(ङ) प्रमुख मालपोत अधिकृत, मालपोत कार्यालय, कास्की -सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) समितिको बैठक बस्नको लागि अध्यक्ष र सदस्य-सचिव सहित कम्तीमा तीन जना सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ ।

(४) समितिको बैठकमा समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ र जानकारहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वि.सं. २०३३ सालको बाढी पहिरोका कारण कास्की, जिल्ला साविक भगवतीटार गाउँ विकास समिति पैरेफेदीबाट विस्थापित २१५ परिवारको लगत सम्बन्धित कार्यालयबाट प्राप्त गर्ने,

(ख) तत्कालीन जिल्लास्तरीय दैवी प्रकोप पीडित बसोबास समिति कास्कीले तयार गरेको पहिरो पीडित परिवारको नामावलीमा समावेश भएका परिवारमध्ये के कति परिवारलाई अन्यत्र वा साविक छिनेडाँडाको हाल पोखरा उपमहानगरपालिकाको वडा नं. १४, १५ र १८ मा बसोबास गराइयो सो को यकिन लगत प्राप्त गर्ने,

(ग) खण्ड (ख) बमोजिमको लगतमा परेका परिवारमध्ये विगतको समितिबाट जग्गा दर्ता भएका परिवारहरुको लगत कट्टा गरी जग्गा दर्ता हुन बाँकी रहेका परिवारको लगत तयार गर्ने,

(घ) बाढी पहिरो पीडित परिवारमध्ये अन्य कुनै आयोग/समितिबाट अन्यत्र जग्गा प्राप्त गरी वा साविक भगवतीटारको बाढी पहिरोमा परेको जग्गा हाल सावुद भै



६७६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सोही ठाउँमा बसोबास गरी आएको परिवारको नाम पहिरो पीडित परिवारको नामावलीबाट कट्टा गर्ने,

(ङ) तत्कालीन श्री ५ को सरकारको मिति २०३३/०९/०२ को निर्णय र तत्कालीन अञ्चलस्तरीय दैवी प्रकोप पीडित समन्वय समितिबाट छुट्याइएको एरिया/क्षेत्रमध्येबाट साविक भगवतीटारका पहिरो पीडित जग्गा प्राप्त गर्न बाँकी रहेका खण्ड (ग) को लगतमा परेका हालसम्म जग्गा प्राप्त गर्न नसकेका परिवारलाई तत्कालीन निर्णय बमोजिम जग्गा वितरण तथा जग्गा दर्ता गर्ने निर्णय गर्ने,

(च) बाढी पहिरो पीडित परिवारको नाममा जग्गा दर्ता गर्ने निर्णय भएपछि त्यस्तो बाढी पहिरो पीडित परिवारको नाममा साविक भगवतीटार हाल माझठाना गाउँ विकास समिति अन्तर्गत व्यक्तिको नाममा रहेको जग्गाको श्रेस्ता खारेज गरी नेपाल सरकारको नाउँमा दर्ता गर्ने निर्णय गर्ने,

(छ) समितिबाट बाढी पहिरो पीडित परिवारको नाममा दर्ता गर्ने निर्णय गर्दा आर्थिक वर्ष २०३३/३४ देखि चालु आर्थिक वर्षसम्मको मालपोत असूल गर्ने गरी निर्णय गर्ने,

(ज) बाढी पहिरो पीडित परिवारको नाममा जग्गा दर्ता गर्ने निर्णय गर्दा विवाहित व्यक्तिको हकमा पति, पत्नी दुवैको संयुक्त नाममा दर्ता गर्ने निर्णय गर्ने,

(झ) समितिबाट जग्गा दर्ता गर्ने गरी वा दर्ता श्रेस्ता खारेज गर्ने गरी निर्णय भै स्थानीय निकायमा मालपोत बुझाएको रसिदको प्रतिलिपि पेश भएपछि सो निर्णय बमोजिमको जग्गाधनी दर्ता श्रेस्ता/जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार गरी



६६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण गर्न र लगत कट्टा गर्नका लागि मालपोत कार्यालय कास्कीमा लेखी पठाउने ।

५. <u>निवेदन सम्बन्धी व्यवस्था</u> : (१) बाढी पहिरो पीडित परिवारले समितिले तोकेको म्यादभित्र समितिमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने निवेदन साथ देहायका कागज प्रमाण संलग्न गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) तत्कालीन दैवी प्रकोप पीडित बसोबास समितिबाट परिचयपत्र लगायत कुनै कागजात प्राप्त गरेको भए सो को प्रतिलिपि,

(ग) बसोबास गरी आएको जग्गाको नक्सा र फिल्डबुकको प्रतिलिपि,

(घ) स्थानीय उपमहानगरपालिकाले भोग र तत्कालीन बाढी पीडित यकिन गरी जग्गा दर्ता सम्बन्धमा गरी दिएको सिफारिस,

(ङ) अन्य प्रमाणहरु ।

६. <u>कार्यविधि</u> : दफा ५ बमोजिम जग्गा दर्ताका लागि पर्न आएका निवेदन उपर समितिले देहाय बमोजिम प्रमाण सङ्कलन तथा छानविन गर्नु पर्नेछः-

(क) घर वा जग्गाको भोग सम्बन्धमा स्थानीय निकायमा बुझ्ने,

(ख) भोग सम्बन्धमा समितिबाट डोर खटाई स्थलगत सरजमिन तथा निरीक्षण गर्ने,



६६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) कारबाहीको क्रममा कुनै व्यक्तिलाई बुझ्न आवश्यक देखिएमा सात दिनको म्याद दिई कार्यालयमा झिकाउने र बयान लिने,

(घ) हकदाबी सम्बन्धमा एक्काइस दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ङ) अन्य प्रमाण बुझ्ने।

७. समितिको कार्यालय : समितिको कार्यालय मालपोत कार्यालय, कास्कीमा रहनेछ ।

८. समितिको कार्यक्षेत्र : समितिको कार्यक्षेत्र कास्की जिल्लाको साविक भगवतीटारको हाल माझठाना गाउँ विकास समिति र छिनेडाँडा गाउँ विकास समिति वडा नं. २, ४ र ९ को हाल पोखरा उपमहानगरपालिका वडा नं. १४, १५ र १८ मात्र हुनेछ ।

९. कर्मचारी सम्बन्धी व्यवस्था : समितिलाई आवश्यक पर्ने अनसूची -१ बमोजिमका कर्मचारीहरु भूमिसुधार तथा व्यवस्थापन विभाग र नापी विभागबाट समितिको कार्य अवधिभरका लागि काजमा उपलब्ध गराइनेछ ।

१०. पारिश्रमिक, भत्ता तथा बैठक भत्ता : (१) समितिका अध्यक्ष, सदस्य तथा आमन्त्रित व्यक्तिहरुले प्रति बैठक एक हजार रुपैयाँ बैठक भत्ता पाउनेछन् ।

(२) समितिमा काजमा खटिने कर्मचारीले निजले खाईपाई आएको शुरु तलब स्केलको पचास प्रतिशतका दरले मासिक रुपमा भत्ता पाउनेछन् ।

११. बजेट सम्बन्धी व्यवस्था : समितिको लागि आवश्यक पर्ने अनुसूची-२ बमोजिमको बजेट अनुसार आठ लाख नब्बे हजार रुपैयाँ अर्थ मन्त्रालयले मन्त्रालय मार्फत समितिलाई उपलब्ध गराउनेछ ।



६८९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. **निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथः** (१) समितिबाट तयार भएको निर्णय, माइन्यूट, नक्सा, फिल्डबुक र निर्णय मिसिल लगायत अन्य कागजात जिम्मा लिने, सम्बन्धित निकायमा बुझाउने र प्रमाणित गर्ने कार्य सदस्य-सचिवबाट हुनेछ ।

(२) समितिबाट जग्गा दर्ता गर्ने गरी भएको निर्णय अनुसार जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार गर्ने तथा सम्बन्धित जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण गर्ने कार्य मालपोत कार्यालय कास्कीले गर्नेछ ।

(३) समितिबाट तयार भएको माइन्यूट, नक्सा, श्रेस्ता तथा अन्य कागजातहरु समितिको कार्य सम्पन्न भएपछि मालपोत कार्यालय, कास्की वा नापी कार्यालय, कास्कीमा र जिन्सी सामानहरु मालपोत कार्यालय, कास्कीमा बुझाउनु पर्नेछ । यसरी बरबुझारथ गर्ने गराउने कर्तव्य सदस्य-सचिवको हुनेछ ।

१३. **समितिको कार्य अवधि** : समितिको कार्य अवधि समितिले कार्य प्रारम्भ गरेको मितिले छ महिनाको हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणीत गरिसपछि मात्र लागु हुनेछ।

अनुसूची -१

(दफा ९ सँग सम्बन्धित)

कर्मचारीको दरबन्दी सम्बन्धी व्यवस्था

| सि.नं. | कर्मचारीको विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | मालपोत अधिकृत (राजपत्राङ्कित तृतीय श्रेणी) | १ | भूमिसुधार तथा व्यवस्थापन विभागले काजमा खटाउने |
| २ | नायव सुब्बा (राजपत्र अनङ्कित प्रथम श्रेणी) | २ | भूमिसुधार तथा व्यवस्थापन विभागले काजमा खटाउने |
| ३ | सर्भेक्षक(राजपत्र अनङ्कित प्रथम श्रेणी) | १ | नापी विभागले काजमा खटाउने |
| ४ | अमिन (राजपत्र अनङ्कित द्वितीय श्रेणी) | २ | नापी विभागले काजमा खटाउने |
| ५ | कार्यालय सहयोगी (श्रेणी विहीन, जंजिदार समेत) | २ | भूमिसुधार तथा व्यवस्थापन विभागले-१ र नापी विभागले-१ काजमा खटाउने |
| | जम्मा | ८ | |



६८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

अनुसूची -२

(दफा ११ सँग सम्बन्धित)

## समितिको लागि आवश्यक बजेट

| सि.नं. | बजेट शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | भत्ता | ६,४०,०००/- | समितिको बैठक भत्ता र कर्मचारी भत्ता |
| २ | दैनिक भ्रमण भत्ता | ५०,०००/- | फिल्ड निरीक्षण, स्थलगत सरजमिन, नाप नक्सा समेतको लागि |
| ३ | कार्यालय खर्च | ५०,०००/- | समितिको कार्य सञ्चालन |
| ४ | कार्यक्रम भ्रमण | ५०,०००/- | पदाधिकारीहरुको स्थलगत भ्रमण समेत |
| ५ | विविध | १,००,०००/- | बैठकको लागि चियापान र पदाधिकारीको स्थलगत भ्रमणको लागि पेट्रोल खर्च समेत |
| | जम्मा | ८,९०,०००/- | |



६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## सूचना ४

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी तनहुँ जिल्ला, साविक दुलेगौडा, खैरेनीटार र ढोरफिर्दि गाउँ विकास समितिको हाल शुक्लागण्डकी नगरपालिका अन्तर्गत बसोबास गरेका व्यक्ति वा परिवारहरुको नाममा जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्न देहाय बमोजिमको समिति गठन गरी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहने गरी तोकेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस आदेशको नाम "तनहुँ जिल्ला, साविक दुलेगौडा, खैरेनीटार र ढोरफिर्दि गाउँ विकास समितिको हाल शुक्लागण्डकी नगरपालिका अन्तर्गत बसोबास गरेका अव्यवस्थित बसोबासीहरुको नाममा जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७२" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित तनहुँ जिल्ला, साविक दुलेगौडा, खैरेनीटार र ढोरफिर्दि गाउँ विकास समितिको हाल शुक्लागण्डकी नगरपालिका अन्तर्गत बसोबास गरेका अव्यवस्थित बसोबासीहरुको नाममा जग्गा दर्ता सम्बन्धी समिति सम्झनुपर्छ ।

(ख) "अव्यवस्थित बसोबासी" भन्नाले सरकारी वा सरकारी प्रकृतिका जग्गामा घर बनाई वा आवाद कमोद गरी



९८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

विगतमा गठित आयोग/समितिमा जग्गा दर्ताको लागि परेको निवेदन, नापी नक्सा, फिल्डबुक लगायतका कागजातहरु सम्बन्धित निकायबाट प्राप्त गर्ने,

(ख) खण्ड (क) बमोजिम परेको निवेदन बमोजिम कति व्यक्ति वा परिवारको जग्गाधनी दर्ता श्रेस्ता, पुर्जा कायम भयो, कति व्यक्ति वा परिवारको जग्गाधनी दर्ता श्रेस्ता कायम हुन बाँकी रहेको छ? छुट्टाछुट्टै लगत तयार गर्ने,

(ग) समितिको कार्य क्षेत्रभित्र बसोबास गरी आएका र विविध कारणले विगतमा निवेदन पेश गर्न नसकेका अव्यवस्थित बसोबासीहरुबाट त्यस्तो जग्गा दर्ताका लागि दफा ५ बमोजिम निवेदन माग गर्ने,

(घ) विगतमा गठित आयोग/समितिमा जग्गा दर्ताको लागि परेको काम बाँकी निवेदन र नयाँ निवेदनमा जग्गा वा घरजग्गा भोग गर्न पाएको आधार प्रमाण पेश गर्न वा संलग्न गर्न लगाउने,

(ङ) समितिको कार्यक्षेत्रभित्र परेको र विगतमा गठित आयोग/समितिबाट नाप जाँच गर्न बाँकी रहेको जग्गाको जग्गा (नाप जाँच) ऐन, २०१९ तथा जग्गा (नाप जाँच) नियमावली, २०५८ बमोजिम जग्गाको सिमाना यकिन गर्ने, नक्सा गर्ने, फिल्डबुक तथा प्लट रजिष्टर तयार गर्ने,



६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) प्रति परिवार क्षेत्रफल १-८-०-० रोपनीसम्मको जग्गाको खण्ड (झ) बमोजिमको रकम लिई सम्बन्धित भोगवाला व्यक्तिको नाममा दर्ता गर्ने निर्णय गर्ने,

(छ) राजमार्गको लागि तोकिएको सीमाभन्दा बाहिर विद्यालय वा धार्मिक वा सामाजिक संस्थाले भवन निर्माण गरी भोग गरी आएकोमा सम्बन्धित विद्यालय वा धार्मिक वा सामाजिक संस्थाको नाममा, सार्वजनिक उपयोगमा रहेको जग्गाहरु उपयोग खुलाई नेपाल सरकारको नाममा, अन्य सरकारी निकाय रहेको जग्गा सरकारी निकायको नाम उल्लेख गरी नेपाल सरकारको नाममा र राजमार्गको सीमाभित्र पर्ने जग्गा राजमार्ग जनाई नेपाल सरकारको नाममा दर्ता गर्ने निर्णय गर्ने,

(ज) राजमार्गको सीमाभित्र घर बनाई बसोबास गरी आएका अव्यवस्थित बसोबासीको हकमा राजमार्गको सीमा बाहिर रहेको तोकिएको क्षेत्रभित्र अन्यत्रको जग्गा दर्ता गर्ने निर्णय गर्ने,

(झ) खण्ड (च) र (ज) बमोजिम निर्णय गर्दा व्यक्ति वा परिवारको हकमा मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि चालु आर्थिक वर्षमा तोकेको न्यूनतम मूल्याङ्कनको बीस प्रतिशत रकम लिने,

(ञ) जग्गा दर्ता गर्ने निर्णय गर्दा विवाहित व्यक्तिको हकमा पति, पत्नी दुवैको संयुक्त नाममा दर्ता गर्ने गरी निर्णय गर्ने,





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

बसोबास गरी आएको नेपाली नागरिक वा निज प्रति आश्रित परिवार सम्झनुपर्छ ।

(ग) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनुपर्छ ।

३. **समितिको गठन :** (१) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, तनहुँ - अध्यक्ष

(ख) प्रमुख, जिल्ला वन कार्यालय, तनहुँ - सदस्य

(ग) प्रमुख, नापी कार्यालय, तनहुँ - सदस्य

(घ) प्रमुख, शुक्लागण्डकी नगरपालिका, तनहुँ - सदस्य

(ङ) प्रमुख मालपोत अधिकृत, मालपोत कार्यालय, तनहुँ -सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नको लागि अध्यक्ष र सदस्य-सचिव सहित कम्तीमा तीन जना सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ।

(४) समितिको बैठकमा समितिले आवश्यकता अनुसार विज्ञ वा सरोकारवालालाई आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४. **समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दफा ८ बमोजिमको क्षेत्रमा अव्यवस्थित बसोबासीहरुको नाममा जग्गा दर्ता सम्बन्धी समस्या समाधानका लागि



६८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ख) भोग यकिन गर्न समितिबाट कर्मचारी डोर खटाई स्थलगत सरजमिन र निरीक्षण गराई मुचुल्का र प्रतिवेदन संलग्न गर्ने,

(ग) तोकिएको कारबाहीको क्रममा कुनै व्यक्तिलाई बुझ्न आवश्यक देखिएमा आवश्यकता अनुसार सात दिनको म्याद जारी गरी कार्यालयमा झिकाउने, बयान लिने,

(घ) हकदाबी सम्बन्धमा एक्काइस दिनको म्याद दिई सार्वजनिक सूचना जारी गर्ने,

(ङ) आवश्यक अन्य प्रमाण बुझ्ने।

७. <u>समितिको कार्यालय</u> : समितिको कार्यालय, मालपोत कार्यालय, तनहुँमा रहनेछ ।

८. <u>समितिको कार्यक्षेत्र</u> : समितिको कार्य क्षेत्र तनहुँ जिल्ला शुक्लागण्डकी नगरपालिकाको साविक दुलेगौडा गाउँ विकास समिति वडा नं. ७, ८, ९ को पूर्व कपासेको डिल, पश्चिम सेती नदीको डिल, उत्तर गाछेपानी राजमार्गमा पर्ने कुवा र दक्षिण झरौटे खोला (साविक खैरेनीटार र दुलेगौडा गाउँ विकास समितिको सीमा), दुलेगौडा गाउँ विकास समिति वडा नं. २ र ३ अन्तर्गत पृथ्वी राजमार्गको आसपासमा रहेको अव्यवस्थित बसोबास क्षेत्र, खैरेनीटार गाउँ विकास समिति वडा नं. ९ अन्तर्गत पूर्व साविक क्षेत्रीय कृषि तालिम केन्द्र हुदै म्याग्दे खोला, पश्चिम सेती नदी, उत्तर झरौंदे खोला र दक्षिण म्याग्दे खोला दोभान (भीमाद जाने बाटो) र ढोरफिर्दी गाउँ विकास समिति वडा नं. ३ को अव्यवस्थित बसोबासी रहेको क्षेत्र हुनेछ ।



६८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

९. **कर्मचारी सम्बन्धी व्यवस्था** : समितिलाई आवश्यक पर्ने अनसूची-१ बमोजिमका कर्मचारीहरु भूमिसुधार तथा व्यवस्थापन विभाग र नापी विभागबाट समितिको कार्य अवधिभरका लागि काजमा उपलब्ध गराइनेछ ।

१०. **पारिश्रमिक, भत्ता तथा बैठक भत्ता** : (१) समितिका अध्यक्ष, सदस्य तथा आमन्त्रित व्यक्तिहरुले प्रति बैठक एक हजार रुपैयाँबैठक भत्ता पाउनेछन् ।

(२) समितिमा काजमा खटिने कर्मचारीले निजले खाईपाई आएको शुरु तलब स्केलको पचास प्रतिशतका दरले मासिक रुपमा भत्ता र नियमानुसारको दैनिक भ्रमण भत्ता समेत पाउनेछन् ।

११. **बजेट सम्बन्धी व्यवस्था** : समितिको लागि आवश्यक पर्ने अनसूची-२ बमोजिमको बजेट अनुसारको दश लाख पचास हजार रुपैयाँ अर्थ मन्त्रालयले मन्त्रालय मार्फत समितिलाई उपलब्ध गराउनेछ ।

१२. **निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथः** (१) समितिबाट तयार भएको निर्णय, माइन्यूट, नक्सा, फिल्डबुक र निर्णय मिसिल लगायत अन्य कागजात जिम्मा लिने, सम्बन्धित निकायमा बुझाउने र प्रमाणित गर्ने कार्य सदस्यसचिवबाट हुनेछ- ।

(२) समितिबाट जग्गा दर्ता गर्ने गरी भएको निर्णय अनुसार जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार गर्ने तथा सम्बन्धित जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण गर्ने कार्य मालपोत कार्यालय तनहुँले गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(३) समितिबाट तयार भएको माइन्यूट, नक्सा, श्रेस्ता तथा अन्य कागजातहरु समितिको कार्य सम्पन्न भएपछि मालपोत कार्यालय, तनहुँ वा नापी कार्यालय, तनहुँमा र जिन्सी सामानहरु मालपोत कार्यालय, तनहुँमा बुझाउनु पर्नेछ। यसरी बरबुझारथ गर्ने गराउने कर्तव्य सदस्य-सचिवको हुनेछ।

१३. समितिको कार्य अवधि : समितिको कार्य अवधि समितिले कार्य प्रारम्भ गरेको मितिले छ महिना हुनेछ ।

मुद्रण विभाग सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## अनुसूची-१

(दफा ९ सँग सम्बन्धित )

**कर्मचारीको दरबन्दी सम्बन्धी व्यवस्था**

| सि.नं. | कर्मचारीको विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | मालपोत अधिकृत (राजपत्राङ्कित तृतीय श्रेणी) | १ | भूमिसुधार तथा व्यवस्थापन विभागले काजमा खटाउने। |
| २ | नायव सुब्बा (राजपत्र अनङ्कित प्रथम श्रेणी) | २ | भूमिसुधार तथा व्यवस्थापन विभागले काजमा खटाउने। |
| ३ | सर्भेक्षक(राजपत्र अनङ्कित प्रथम श्रेणी) | १ | नापी विभागले काजमा खटाउने। |
| ४ | अमीन (राजपत्र अनङ्कित द्वितीय श्रेणी) | २ | नापी विभागले काजमा खटाउने। |
| ५ | कार्यालय सहयोगी (श्रेणी विहीन, जंजिदार समेत) | २ | भूमिसुधार तथा व्यवस्थापन विभागले १ र नापी विभागले १ काजमा खटाउने। |
| | जम्मा | ८ | |



६९१

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची -२

**(दफा ११ सँग सम्बन्धित )**

**समितिको लागि आवश्यक बजेट**

| सि.नं. | बजेट शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | भत्ता | ८,००,०००/- | समिति पदाधिकारीको बैठक भत्ता र कर्मचारीको भत्ता समेत |
| २ | दैनिक भ्रमण भत्ता | ५०,०००/- | फिल्ड निरीक्षण, स्थलगत सरजमिन र नाप नक्साको लागि भत्ता |
| ३ | कार्यालय खर्च | ५०,०००/- | समितिको कार्यालय सञ्चालन |
| ४ | कार्यक्रम भ्रमण | ५०,०००/- | पदाधिकारीहरुको स्थलगत भ्रमण समेत |
| ५ | विविध | १,००,०००/- | बैठकको लागि चियापान र पदाधिकारीको स्थलगत भ्रमणको लागि पेट्रोल खर्च समेत |
| | जम्मा | १०,५०,०००/- | |

आज्ञाले,
लोकदर्शन रेग्मी
नेपाल सरकारको सचिव



६९२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकार

## उद्योग मन्त्रालयको सूचना

नेपाल सरकारले नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७ को दफा १० को उपदफा (१) र दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपालभित्र उत्पादन गरिने र आयात गरिने फलामे छड (Cold Twisted Deformed Steel Bar र Thermo Mechanically Treated Deformed Steel Bar) को गुणस्तर नेपाल गुणस्तर परिषद्को मिति २०६९।०५।०८ मा स्वीकृत ने.गुण १९१-२०४६ (कंक्रिट प्रवलीकरणको लागि प्रयोगमा ल्याइने इस्पातको आकृति डण्डी तथा तार, पहिलो संशोधन) अनुसार हुनु पर्ने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

खण्ड ४४, संख्या २४, मिति २०५१।०६।१० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना २ खारेज गरिएको छ ।

आज्ञाले,
जय मुकुन्द खनाल
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



६९३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## भूलसुधार

खण्ड ६५) संख्या १५ नेपाल राजपत्र भाग ५ मिति २०७२।५।७ मा प्रकाशित वन तथा भूसंरक्षण मन्त्रालयको सूचना १ को पर्सा वन्यजन्तु आरक्षमा कायम हुने क्षेत्रको चारकिल्ला मध्ये दक्षिण सिमानामा "दक्षिण: आधाभार निर्मलवस्ती वनपथमा भेटिने भेडाहा खोलाबाट खोलैखोला ५०० मिटर दक्षिणतर्फ (GPS Location - $27^0$ 13.626' N - $85^0$ 57.792' E) गई सो स्थानबाट सिधै पूर्व हेटौडा पथलैया राजमार्गमा भेटिने बिन्दु (GPS Location $27^0$ 13.499' N – $84^0$ 59.247' E) सम्म र त्यहाँबाट सो राजमार्गदेखि उत्तरतर्फ गई आधाभार मुख्य गेटबाट पूर्वतर्फ जाने अग्निरेखा हुँदै दुधौरा खोलासम्म र दुधौरा खोलाबाट दक्षिणतर्फ खोलैखोला हुँदै दुधौरा खोलाले भेट्ने पथलैया निजगढ राजमार्गमा पर्ने पुलसम्म र उक्त राजमार्ग र हाइटेन्सन लाइनलाई बाहिर पार्दै पूर्वतर्फ बालगंगा खोलाको पुन हुँदै विद्युत प्राधिकरणले ओगटेको क्षेत्रलाई बाहिर पार्दै (GPS Location $27^0$ 10.29' N - $85^0$ 3.71' E, $27^0$ 10.38' N - $85^0$ 3.75' E, $27^0$ 10.35' N - $85^0$ 3.82' E, $27^0$ 10.26' N – $85^0$ 3.78' E, क्षेत्रफल २.३९ हेक्टर) पूर्वतर्फ पर्ने पसाहा खोलाको पुल पार गरी पसाहा इलाका वन कार्यालयले ओगटेको क्षेत्र (GPS Location $27^0$ 10.057' N - $85^0$ 4.374' E, $27^0$ 10.155' N - $85^0$ 4.463' E, $27^0$ 10.032' N - $85^0$ 4.705' E, $27^0$ 9.957' N - $85^0$ 4.657' E, क्षेत्रफल १० हेक्टर) लाई बाहिर पारी पुन: राजमार्ग हुँदै पूर्वतर्फ बकैया नागमणी सामुदायिक वनको राजमार्गमा अवस्थित पश्चिम दक्षिण मिना बिन्दु (GPS Location $27^0$ 10.73' N - $85^0$ 08.44' E) सम्म ।" हुनुपर्नेमा अन्यथा हुन गएकोले भूल सुधार गरिएको छ ।

**- वन तथा भू-संरक्षण मन्त्रालय**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. २०।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग
६९४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रा विभाग, सिंहदरबार

६५२